# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५)  पोखरा, फागुन ०५ गते,  २०७९ साल  (अतिरिक्ताङ्क ३२

भाग १

गण्डकी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७९ सालको ऐन नं.१०

## विनियोजन ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** विनियोजन ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विनियोजन (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **विनियोजन ऐन, २०७९ को दफा ३ मा संशोधनः** विनियोजन ऐन, २०७९ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३ को,-

(१) उपदफा (४) मा उल्लिखित "शुरु विनियोजित रकमको शत प्रतिशतभन्दा बढी नहुने गरी" भन्ने शब्दहरु झिकिएको छ।

(२) उपदफा (५) मा उल्लिखित "चैत" भन्ने शब्दको सट्टा "माघ" भन्ने शब्द राखिएको छ।

३. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (५) मा उल्लिखित "माघ मसान्त भित्र" भन्ने शब्दहरुको सट्टा "फागुन मसान्त भित्र" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) यस ऐन बमोजिम स्वीकृत योजना तथा कार्यक्रम बाहेक कुनै थप योजना तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भएमा यस ऐनद्वारा विनियोजित बजेटको परिधिभित्र रही गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले त्यस्तो योजना तथा कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ।

तर विपद् व्यवस्थापन तथा गण्डकी प्रदेश सरकारको राजस्व वृद्धि गर्ने योजना तथा कार्यक्रम बाहेक जेठ मसान्तभन्दा पछि अन्य कुनै नयाँ योजना तथा कार्यक्रम थप गर्न सकिने छैन।"

४. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित "कात्तिक मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "फागुन मसान्तभित्र " भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (७) मा उल्लिखित "कात्तिक मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा"फागुन मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन्।

५. **रुपान्तरणः** मूल ऐनको ठाउँ ठाउँमा उल्लिखित "प्रदेश सरकार" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश सरकार" र "अर्थ मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "आर्थिक मामिला मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ।

आज्ञाले,

प्रमाणीकरण मितिः२०७९।११।०५

वद्रिनाथ अधिकारी

प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय । मूल्य रु १०।-